# देवघाट गाउँपालिका
## तनहुँ जिल्ला, गण्डकी प्रदेश

---

# देवघाट गाउँपालिका राजपत्र

---

## गाउँ कार्यपालिकाद्वारा प्रकाशित

---

**खण्डः ३ संख्याः ८ मितिः २०७६/०३/३०**

---

**भाग – २**

## देवघाट गाउँपालिका
# देवघाट गाउँपालिकाको फोहरमैला व्यवस्थापन निर्देशिका,
# २०७६

# देवघाट गाउँपालिकाको फोहरमैला व्यवस्थापन निर्देशिका, २०७६

कार्यपालिकाबाट स्वीकृत मिति २०७६/०३/२०
प्रमाणीत मितिः २०७६/०३/३०

**प्रस्तावना**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ तथा स्थानीय सरकार संचालन ऐन २०७४ ले फोहरमैलाको व्यवस्थापन गर्ने दायित्व स्थानीय तहको हुने कुरा उल्लेख गरेको छ । अतः गाउँपालिका क्षेत्रभित्रको फोहरमैलालाई स्रोतमा न्यूनीकरण, पुनः प्रयोग, प्रशोधन वा विसर्जन गरी फोहरमैलाको व्यवस्थित तथा प्रभावकारी व्यवस्थापन गर्न तथा फोहरमैलाबाट जनस्वास्थ्य तथा वात ावरणमा पर्न सक्ने प्रतिकूल प्रभावलाई कम गरी स्वच्छ तथा स्वस्थ वातावरण कायम गर्नका लागि देवघाट गागँपालिका क्षेत्रभित्र रहेका प्रत्येक घर, पसल, होटल तथा रेष्टुरेण्ट, व्यवासायिक तथा औद्योगिक प्रतिष्ठान, शिक्षण संस्था, निजि तथा गैरसरकारी संस्था, कार्यालय, बैंक तथा वित्तिय संस्था, धार्मिक स्थल, सार्वजनिक स्थल आदिबाट उत्पादन हुने फोहरमैलाको व्यवस्थापन गर्ने कार्यलाई प्रभावकारी बनाई फोहरमैला संकलन, ढुवानी तथा अन्तिम विसर्जन गरी सडक तथा सार्वजनिक स्थल, चोक, गल्ली, खुल्ला क्षेत्र, उद्यान, नदी र नदी किनार आदिको फोहरमैला व्यवस्थापन कार्यमा सुधार ल्याउन फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ५१ को उपदफा २ तथा स्थानीय सरकार संचालन ऐन २०७४ दफा १०२ र प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ तथा देवघाट गाउँपालिकाको श्रोत परिचालन नियमावलीको नियम १२ ले दिएको अधिकार प्रयोग गरी यो देवघाट गाउँपालिकाले फोहरमैला व्यवस्थापन निर्देशिका, २०७६ तर्जुमा गरी लागू गरेको छ ।

## परिच्छेद–१
## संक्षिप्त नाम, प्रारम्भ र परिभाषा

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम “देवघाट गागँपालिकाको फोहरमैला व्यवस्थापन निर्देशिका – २०७६” रहनेछ ।
   (२) यो निर्देशिका राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,
   क) “निर्देशिका” भन्नाले देवघाट गाउँपालिकाको फोहरमैला व्यवस्थापन निर्देशिका – २०७६ बुझ्नुपर्छ ।
   ख) “गाउँपालिका” भन्नाले देवघाट गाउँपालिका बुझ्नुपर्छ ।
   ग) “ऐन” भन्नाले स्थानीय सरकार संचालन ऐन २०७५ बुझ्नुपर्छ ।
   घ) “कोष” भन्नाले देवघाट गाउँपालिकाद्वारा स्थापित खानेपानी, सरसफाई तथा वातावरण कोष बुझ्नुपर्दछ ।
   ङ) “साझेदार” भन्नाले देवघाट गाउँपालिकाद्वारा फोहरमैला व्यवस्थापन गर्न स्थापित कोषमा साझेदारी गर्ने अन्य जुनसुकै निकायलाई बुझ्नुपर्दछ ।
   च) “औद्योगिक फोहरमैला” भन्नाले औद्योगिक प्रतिष्ठानबाट निष्काशन हुने हानिकारक तथा प्रदूषण युक्त फोहोरमैला सम्झनु पर्छ ।
   छ) “औद्योगिक प्रतिष्ठान” भन्नाले कुनै उद्योग, व्यवसाय वा सेवा सञ्चालन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापित कुनै कम्पनी, उद्योग, फर्म वा अन्य कुनै निकाय सम्झनु पर्छ ।

ज) "कन्टेनर" भन्नाले फोहरमैला सङ्कलन गर्ने प्रयोजनको लागि निश्चित स्थानमा राखिएको फोहरमैला थुपार्ने भाँडो, बाकस बाल्टीन वा यस्तै प्रकारको अन्य कुनै वस्तु सम्झनु पर्छ र सो शब्दले कम्पोष्ट मल उत्पादन गर्न राखिएको भाँडो समेतलाई जनाउनेछ ।

झ) "ढुवानी" भन्नाले सङ्कलित फोहरमैला उत्पादन स्थलबाट सङ्कलन केन्द्र र सङ्कलन केन्द्रबाट स्थानान्तरण केन्द्रसम्म वा स्थानान्तरण केन्द्रबाट फोहोरमैला व्यवस्थापन स्थल वा स्थानीय निकायले तोकेको स्थानसम्म लैजाने कार्य सम्झनु पर्छ ।

ञ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

ट) "न्यूनीकरण" भन्नाले कुनै पनि प्रविधि वा उपायको प्रयोग गरी फोहरमैलाको परिमाण, आकार वा प्रभावमा कम गर्ने कार्य सम्झनु पर्छ ।

ठ) "निष्काशन" भन्नाले फोहरमैला उत्पादन स्थलबाट स्थानीय निकायले तोकेका स्थानमा थुपार्ने वा निकाल्ने कार्य सम्झनु पर्छ ।

ड) "प्रदूषण" भन्नाले फोहरमैलाबाट निस्कने ठोस, तरल वा ग्यास वस्तुको संयोजनबाट वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले प्रभाव परी वातावरणमा उल्लेखनीय ह्रा्स ल्याउने, क्षति पुर्याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानि नोक्सानी पु¥याउने क्रियाकलाप सम्झनु पर्छ ।

ढ) "प्रभावित क्षेत्र" भन्नाले फोहरमैला व्यवस्थापन स्थलको प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्र्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लिखित क्षेत्रलाई सम्झनु पर्छ ।

ण) "प्रशोधन" भन्नाले फोहरमैलाको रुप वा गुणमा परिवर्तन गरी अन्य कुनै उपयोगी वस्तु तयार गर्ने, मल, ग्यास, ऊर्जा वा अन्य वस्तु उत्पादन गरी फोहरमैलाको व्यवस्थापन गर्ने प्रक्रिया सम्झनु पर्छ ।

त) "प्रशोधन स्थल" भन्नाले फोहरमैलालाई प्रशोधन गरी मल, ग्यास, ऊर्जा वा अन्य वस्तु उत्पादनका लागि कार्य सञ्चालन गर्ने स्थान सम्झनु पर्छ ।

थ) "पुनः चक्रीय प्रयोग" भन्नाले प्रविधिको प्र्रयोगद्वारा सङ्कलित फोहरमैलालाई कच्चा पदार्थमा रुपान्तरण गरी उपयोगी वस्तुको रुपमा विकास गरी पुनः प्रयोगमा ल्याउने कार्य सम्झनु पर्छ ।

द) "फोहरमैला" भन्नाले घरेलु फोहरमैला, औद्योगिक फोहरमैला, रासायनिक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोेहरमैला वा हानिकारक फोहरमैला सम्झनु पर्छ र सो शब्दले तत्काल प्रयोग हुन नसक्ने अवस्थामा रहेका, फालिएका वा सडेगलेका, वातावरणमा ह्रास आउने गरी निष्काशन गरिएका ठोस, तरल, ग्यास, लेदो, धुवाँ, धुलो, विद्युतीय तथा सूचना प्रविधिका लागि प्रयोग भएका सामाग्रीहरु लगायतका पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तुहरु वा अनधिकृत रुपमा सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, पम्पलेट र गाउँपालिकाले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी फोहरमैला भनी तोकिदिएको अन्य वस्तु समेतलाई जनाउनेछ ।

ध) "फोहरमैला व्यवस्थापन स्थल (स्यानिटरी ल्याण्डफिल साइट)" भन्नाले फोहरमैला विसर्जन वा प्रशोधन गर्नको लागि गाउँपालिकाले तोकेको स्थल सम्झनु पर्छ ।

न) "फोहरमैला सङ्कलन" भन्नाले फोहरमैला उत्पादन स्थलबाट उठाउने, घर–घरबाट सङ्कलन गर्ने, सार्वजनिक स्थलमा रहेको फोहरमैला बढार्ने, थुपार्ने, झारपात उखेल्ने तथा अनधिकृत रुपमा सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, पम्पलेट उप्काई सङ्कलन गर्ने कार्य सम्झनु पर्छ ।

ऩ) "फोहरमैला सङ्कलन तथा ढुवानी साधन" भन्नाले फोहरमैला सङ्कलन तथा ढुवानी गर्ने प्रयोजनका लागि प्रयोग गरिने साधन, उपकरण वा औजार सम्झनु पर्छ ।

प) “बन्द पश्चात् व्यवस्थापन (पोस्ट क्लोजर म्यानेजेमेण्ट)” भन्नाले फोहरमैला व्यवस्थापन स्थलमा फोहरमैला विसर्र्जन गर्न बन्द गरे पश्चात् सो क्षेत्रको वातावरणीय सन्तुलन कायम राख्नको लागि गरिने कार्य सम्झनु पर्छ ।

फ) “रासायनिक फोहरमैला” भन्नाले यथास्थितिमा प्रयोग हुन नसक्ने जुनसुकै स्रोत तथा प्रक्रियाबाट निस्केकेका मानव स्वास्थ्य लगायत जीव, जन्तु एवं वातावरणमा प्रतिकूल असर पार्ने सम्पूर्ण रासायनिक पदार्थहरु वा समय समयमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी रासायनिक फोहरमैला भनी तोकेकेका ठोेस, तरल, धुलो, लेदो, ग्यास लगायतका पदार्थ वा वस्तुलाई सम्झनु पर्छ ।

ब) “विसर्जन” भन्नाले फोहरमैलाको अन्तिम निष्काशन तथा व्यवस्थापन सम्झनु पर्छ ।

भ) “सङ्कलन केन्द्रर” भन्नाले घर घरबाट निस्कने फोहरमैला सङ्कलन गरी निर्धारित समयसम्म फाल्न, राख्न वा थुपार्न गाउँपालिकाले तोकेको स्थान सम्झनु पर्छ र सो शब्दले घरघरमा फोहरमैला सङ्कलन गर्न आउने गाउँपालिकाले तोकेको फोहरमैला सङ्कलक वा फोहरमैला सङ्कलन गर्ने साधन समेतलाई जनाउनेछ ।

म) “सामुदायिक संस्था” भन्नाले नाफा आर्जन नगर्ने उद्देश्यले समुुदायको हितका निम्ति प्रचलित कानून बमोजिम स्थापित समुदायमा आधारित सहभागितामूलक उपभोक्ता समूह, सहकारी संस्था वा गैरसरकारी संस्था सम्झनु पर्छ ।

य) “स्थानान्तरण केन्द्र" भन्नाले सङ्कलित फोहरमैला विसर्जन गर्न फोहरमैला व्यवस्थापन स्थल (स्यानिटरी ल्याण्डफिल साइट) मा लैजानु अघि फोहरमैला सङ्कलनको लागि गाउँपालिकाले तोकेको स्थान सम्झनु पर्छ ।

र) “स्वास्थ्य संस्थाजन्य फोहरमैला” भन्नाले अस्पताल, क्लिनिक, फार्मेसी, औषधी पसल, ब्लड बैङ्क, प्याथोलोजिकल प्रयोगशाला, पशु–स्वास्थ्यजन्य संस्था वा स्वास्थ्य अनुसन्धान केन्द्रबाट उत्पादन तथा निष्काशन हुने हानिकारक फोहरमैला सम्झनु पर्छ ।

ऱ) “हानिकारक फोहरमैला” भन्नाले प्राकृतिक वातावरणमा ह्रास ल्याउने, मानव तथा अन्य प्राणीको स्वास्थ्यमा हानि नोक्सानी पुर्याउने विभिन्न रुपमा निष्काशित वस्तु,पदार्थ तथा रेडियो विकिरण सम्झनु पर्छ ।

ल) कार्यालय भन्नाले देवघाट गाउँ कार्यपालिकाको कार्यलय सम्झनु पर्दछ ।

ळ) सेवाग्राही भन्नाले गाउँपालिकाले फोहरमेला व्यवस्थापन गरेवापत सेवा शुल्क तिर्नु पर्ने दायित्व भएका व्यक्ति, घर, संसथा, निकाय भन्ने बुझ्नु पर्दछ ।

## परिच्छेद २
## निर्देशिकाको उद्देश्य तथा सेवा शुल्क

३. **निर्देशिकाको उद्देश्यः** यस निर्देशिकाको उद्देश्य देहाय बमोजिम रहेको छ ।

क) स्थानीय सरकार संचालन ऐन, २०७४ तथा फोहसमैला व्यवस्थापन ऐन, २०६८ तथा नियमावली, २०७० ले फोहरमैला व्यवस्थापनका लागि दिएका अधिकारहरूको प्रभावकारी कार्यान्वयन गर्न सघाउ पुर्याउने ।

ख) फोहरमैला व्यवस्थापनका लागि स्थानीय स्तरमा समन्वय र समझदारी कायम गर्दै सहभागितात्मक योजना तर्जुमा गर्न सहयोग गर्ने ।

ग) गाउँपालिका क्षेत्रमा रहेका विभिन्न संघ संस्था, छिमेकी स्थानीय निकाय र अन्य सामाजिक संघसंस्थाहरुसँग समन्वय गरी फोहोर मैला व्यवस्थापनका लागि सचेतना अभिवृद्धि गर्न मद्दत गर्ने ।

घ) वातावरण संरक्षण, फोहरमैला व्यवस्थापन एवं सरसफाईका लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्न सहयोग गर्ने ।

ङ) फोहरमैला व्यवस्थापनका क्षेत्रमा क्रियाशील साझेदार संस्थाहरुका कार्यमा आवश्यक सहयोग पु¥याउने ।

च) फोहरमैला व्यवस्थापन सम्वन्धी काम गर्ने विभिन्न राष्ट्रिय/अन्तर्राष्ट्रिय संघ, संस्थाहरूसँग समन्वय कायम गर्न मद्दत गर्ने ।

छ) फोहरमैला व्यवस्थापनका लागि निजी क्षेत्र, नागरिक समाज, समुदाय, गैर सरकारी संघ संस्था जस्ता सहकार्य र साझेदारी प्रबद्र्धन गर्ने ।

ज) फोहरमैला व्यवस्थापन कार्यको सहभागितामूलक अनुगमन मूल्याङ्कन गर्ने आधार प्रदान गर्ने ।

४. **सेवा शुल्कः** (१) सेवा शुल्क सम्बन्धमा देवघाट गाउँ कार्यपालिकाको निर्णय अनुसार देहाय बमोजिम व्यवस्था हुनेछ ।

क) गाउँपालिकाले फोहरमैला व्यवस्थापन गरे बापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क लगाई उठाउन सक्नेछ ।

ख) यसरी सेवा शुल्कको निर्धारण फोहरमैलाको परिमाण, तौल तथा प्रकृति र तोकिए बमोजिमका अन्य कुराहरुको आधारमा हुनेछ ।

ग) यसरी उठाइने सेवा शुल्क गागँपालिका आफैले वा उसले तोकेको व्यक्ती वा फर्म वा संस्था वा निकाय मार्फत समेत उठाउन सक्नेछ ।

घ) घ) गाउँपालिकाबाट फोहरमैला व्यवस्थापन गर्न जिम्मेवारी पाएको व्यक्ति वा फर्म वा संस्था वा निकायले गाउँपालिकासंग भएको सम्झौताको आधारमा फोहरमैला व्यवस्थापन गरे बापत तोकिएको रकम पाउनेछ ।

ङ) फोहरमैला व्यवस्थापन शुल्कबाट प्राप्त आम्दानी तथा फोहरमैला व्यवस्थापनमा निजी क्षेत्रलाई संलग्न गराउँदा प्राप्त हुने आम्दानी गाउँपालिकाको खानेपानी, सरसफाई तथा फोहरमैला व्यवस्थापन कोषमा आम्दानी बाँधी तोकिएको मापदण्डको अधीनमा रही फोहरमैलाको व्यवस्थापन, वातावरणीय संरक्षण तथा फोहरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रको विकासमा खर्च गर्नु पर्नेछ ।

(२) गाउँपालिकाले फोहरमैला व्यवस्थापन गरे बापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट देहाय अनुसारको दरमा सेवा शुल्क लगाई उठाउनेछ ।

| | |
|---|---|
| आवासीय घरः | रु. २०/- |
| व्यावसायिक घरः | रु. ३०/- |
| होटल ठूलोः | रु. १००/- |
| आश्रम ठूलोः | रु. १००/- |

(३) सेवा शुल्क हेर फेर वा थप घट गर्नु परेमा यसै निर्देशिका बमोजिम बनेको फोहर मैला व्यवस्थापन समितिको सिफारिसमा सेवा शुल्क हेर फेर वा थप घट हुनेछ ।

(४) फोहरमैला व्यवस्थापन शुल्कबाट प्राप्त आम्दानी टोल अनुसार हिसाव राखीनेछ र टोलवाट प्राप्त आम्दानी मध्ये २० ( विस )प्रतिशत सम्बन्धित टोललाई सरसफाई सम्बन्धि कार्यक्रम संचालन गर्नको लागी फिर्ता दिईनेछ ।

५. **सेवा निलम्बन वा अन्त्य गर्न सक्नेः** १) देहायको अवस्थामा सेवाग्राहीको सेवा निलम्वन वा अन्त्य गरिनेछ ।

क) देवघाट गागँपालिकाले निर्धारण गरेको सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहरमैला व्यवस्थापन सम्बन्धी सेवा निलम्बन वा अन्त्य गर्न सक्नेछ ।

ख) फोहरमैला व्यवस्थापन गर्न जिम्मेवारी पाएको व्यक्ति, संस्था वा निकायले निर्धारित सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहरमैला व्यवस्थापन सम्बन्धी सेवा निलम्बन वा अन्त्य गर्न सक्नेछ र यसरी सेवा निलम्बन वा अन्त्य गरिएमा सोको जानकारी गागँपालिकालाई दिनु पर्नेछ ।

ग) सेवाको निलम्बन वा अन्त्य गरिएको अवस्थामा आफ्नो घरबाट उत्पादन हुने फोहरमैलाको व्यवस्थापन सम्बन्धित घरधनी आफैले गर्नु पर्नेछ । जथाभावी फोहर मैला फालेमा वा राखेमा तोकिए बमोजिम दण्ड जरिवाना लगाईने छ ।

(२) सेवाग्राहीले बुझाउनु पर्ने सेवा शुल्क बुझाएमा निजलाई पुनः सेवा प्रदान गरिनेछ ।

## परिच्छेद–३
## फोहरमैला व्यवस्थापन समिति

६. **व्यवस्थापन समितिको गठनः** (१) फोहरमैला व्यवस्थापन कार्यमा आवश्यक नीति निर्माणको लागी सुझाव दिन तथा कार्यान्वयन र अनुगमन मूल्याङ्कन समेतका लागि देहायअनुसारको एक व्यवस्थापन समिति गठन गरिने छः–

क) गाउँपालिकाका अध्यक्ष - अध्यक्ष

ख) गाउँपालिका अध्यक्षले मनोनयन गरेको गाउँ सभाका सदस्यहरु मध्येबाट कम्तिमा १ जना महिला सहित २ जना - सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ) सम्वन्धित वडाको वडाध्यक्ष - सदस्य

ङ) लेखा अधिकृत - सदस्य

च) ईन्जिनियर - सदस्य

छ) कार्यालयका खानेपानी, सरसफाई तथा स्वच्छता ईकाईका प्रमुख - सदस्य–सचिव

(२) व्यवस्थापन समितिको बैठक सामान्यतया ३ महिनामा एकपटक बस्नेछ । तर आवश्यकता महसुस भएमा जुनसुकै बेला पनि बोलाउन सकिने छ ।

(३) बैठक अध्यक्षको आदेशले सदस्य सचिवले बोलाउने छ ।

(४) व्यवस्थापन समितिको सम्पूर्ण सदस्य संख्याको कम्तीमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा बैठकको गणपूरक संख्या पुगेको मानिने छ । बैठकको निर्णय अध्यक्षले प्रमाणित गर्नुपर्नेछ ।

७. **व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

क) फोहरमैला व्यवस्थापन कार्यका लागि आवधिक तथा वार्षिक योजनाहरु तर्जुमा, कार्यान्वयन, अनुगमन मूल्याङ्कन र समीक्षा गर्ने ।

ख) फोहरमैला व्यवस्थापन कार्यका लागि चेतनामूलक कार्यक्रम तथा तालिमहरु सञ्चालन गर्ने ।

ग) वातावरण संरक्षण ऐन र नियमले दिएका अधिकार प्रयोग गरी आवश्यक कार्य गर्ने ।

घ) गाउँपालिका क्षेत्रलाई पूर्ण सरसफाई घोषणा तथा सरसफाइ कायम राख्न पहल गर्ने ।
ङ) फोहरलाई श्रोतमै तथा व्यवस्थापन केन्द्रमा समेत बर्गीकरण गर्ने व्यवस्था मिलाउने ।
च) बर्गीकृत फोहर मध्ये अर्गानिक फोहरबाट कम्पोष्ट मल, प्लाष्टिकजन्य फोहरबाट हस्तकलाका सामग्री तथा अन्य प्रकृतिका फोहरलाई 3R (Reduse, Reuse & Recycle) को अवधारणा अनुसार व्यवस्थापन गर्ने ।
छ) फोहर व्यवस्थापनमा क्रमशः स्यानिटरी ल्याण्डफिलको अवधारणा अनुसार कार्य गर्ने ।
ज) ल्याण्डफिल साइट निश्चित समयपछि भरिने हुँदा भरिएका साइटहरुलाई पार्क, उद्यान, गार्डेन आदिका रुपमा विकास गर्ने तथा बैकल्पिक ल्याण्डफिल साइटहरुको खोजी गरी तिनीहरुको संभावनाको अध्ययन गर्ने ।
झ) फोहोर व्यवस्थापनमा गैर सरकारी संस्थाहरु, निजी क्षेत्र र समुदायहरुको संलग्नता बढाउन आवश्यक कार्य गर्ने ।
ञ) ल्याण्डफिल साइट लगायतका क्षेत्रहरुको सरसफाइमा विशेष ध्यान दिने ।
ट) फोहरमैला व्यवस्थापनका लागि आवश्यक पर्ने स्रोत साधन र जनशक्तिको व्यवस्था गर्ने ।
ठ) ल्याण्डफिल साइटको प्रभावित क्षेत्र पहिचान गरी त्यहाँका बासिन्दाहरुको लागि विशेष कार्यक्रम संचालन गर्ने ।
ड) ल्याण्डफिल साइटलाई प्रदुषणशून्य बनाउन प्रयास गर्दै त्यसका नकारात्मक प्रभावहरुलाई न्यूनिकरण गर्न आवश्यक व्यवस्था मिलाउने ।
ढ) जैविक फोहरबाट कम्पोष्ट बायोग्यास एवं मल बनाउने तथा प्लास्टिक, धातु आदिलाई पुन प्रयोग गर्न आवश्यक व्यवस्था गर्ने ।
ण) फोहर व्यवस्थापनलाई पर्यटन प्रबद्र्धनको माध्यम बनाउन आवश्यक कार्यहरु गर्ने ।
त) सोझै ल्याण्डफिल ल्याउन कठिनाइ हुने र लागत बढी हुने भएमा फोहोरको अस्थायी व्यवस्थापनका लागि ट्रान्सफर स्टेसनको व्यवस्था गर्ने ।
थ) फोहरबाट बायोग्यास जस्ता बैकल्पिक उर्जा उत्पादन गर्ने तर्फ आवश्यक पहल र व्यवस्था गर्ने ।
द) फोहरबाट जनस्वास्थ्यमा पर्न सक्ने नकारात्मक असर न्यूनिरकणका लागि आवश्यक व्यवस्था मिलाउने ।
ध) फोहर संकलन र व्यवस्थापनको प्रभाव क्षेत्र विस्तार तथा सेवा प्रवाहमा सुधारका लागि आवश्यक कार्य गर्ने ।
न) फोहरमैला व्यवस्थापनमा लगाइएको शुल्कको समीक्षा गर्दै त्यसमा समयोचित पुनरावलोकन गर्ने ।
प) फोहरमैला व्यवस्थापनमा प्रभावकारिता ल्याउन विषयगत समितिको गठन गर्ने ।

८. **उपसमिति वा कार्यदल गठन गर्न सक्ने:** (१) समितिले फोहरमैला व्यवस्थापनमा प्रभावकारिता ल्याउन, कार्य सुचारु रुपले सम्पादन गर्नका लागि आवश्यकता अनुसार विषयसँग सम्वन्धित विशेषज्ञ, गाउँ कार्यपालिकाको कार्यालयका विभिन्न शाखा, ईकाइका प्रमुख, प्रभावित क्षेत्रका टोल विकास संस्थाका प्रतिनिधि, फोहरमैला व्यवस्थापन सेवा क्षेत्रका टोल विकास संस्थाका प्रतिनिधि, उद्योग वाणिज्य संघ, वडा नागरिक मन्चका प्रतिनिधि समेत रहेको बढीमा ७ सदस्यीय उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ ।

(२) निर्देशिका नं. ७ ( १) बमोजिम गठित उपसमिति वा कार्यदलको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ

क) फोहरमैला व्यवस्थापनमा जनसहभागिता जुटाउन पहल गर्ने ।

ख) फोहरमैला व्यवस्थापन कार्यको अनुगमन र मूल्यांकन गर्ने ।
ग) फोहरमैला व्यवस्थापन कार्यको दीगो र प्रभावकारी कार्यान्वयनका लागि सम्वन्धित निकायमा समन्वय गर्ने ।
घ) फोहरमैला व्यवस्थापन कार्यको लागि आवश्यक श्रोत साधनको खोजी गर्ने ।
ङ) फोहरमैला व्यवस्थापन क्षेत्रलागि सम्भावित वैकल्पिक स्थानको खोजी गर्ने ।
च) फोहरमैला व्यवस्थापनका लागि निजी क्षेत्र, नागरिक समाज, समुदाय, गैर सरकारी संघ संस्था सँग सहकार्य र साझेदारी गर्न सम्भावनाहरुको खोजी गर्ने ।

९. **समितिको अध्यक्षको काम कर्तव्य र अधिकारः** अध्यक्षको काम, कर्तव्य तथा अधिकार देहायबमोजिम हुनेछ ।
(क) बैठकको अध्यक्षता गर्ने ।
(ख) बैठक बोलाउन सचिवलाई निर्देशन दिने ।
(ग) बैठकमा प्रतिवेदन पेश गर्ने, प्रस्ताव पेश गर्ने गराउने ।
(घ) समितिका सदस्यहरूलाई कामको बाँडफाँड गर्ने तथा कामको आवश्यक समन्वय गर्ने ।
(ङ) फोहर मैला व्यवसथापनको लागि वित्तीय तथा भौतिक स्रोत जुटाउन र परिचालन गर्न गराउन गाउँपालिकालाई सहयोग गर्ने ।
(च) वैठकका निर्णयहरू सार्वजनिक गरी पारदर्शिता कायम गराउने ।
(छ) फोहर मैला व्यवसथापनको कामको अनुगमन मूल्यांकन गर्ने गराउने ।

१०. **सदस्य सचिवको काम, कर्तव्य र अधिकारः** सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः
क) अध्यक्षको आदेशानुसार बैठक बोलाउने । अध्यक्षसँगको सल्लाहमा छलफलका विषयवस्तुहरू तयार गरी निर्णयार्थ बैठकमा पेश गर्ने ।
ख) बैठकको निर्णय लेख्ने, केन्द्रका सबै कागजात जिम्मा लिने ।
ग) फोहर मैला व्यवस्थापन सम्बन्धित सूचनाहरू, तथ्यांक तथा अभिलेख अद्यावधिक गर्ने ।
घ) फोहर मैला व्यवस्थापन सम्बन्धित प्रशासनिक तथा अन्य दैनिक कार्यहरू गर्ने ।
ङ) फोहर मैला व्यवस्थापन सम्बन्धित कार्यक्रम तर्जुमा, स्वीकृति र कार्यान्वयनका लागि आवश्यक कार्यवाही गर्ने ।
च) कार्यक्रमहरूको अनुगमन गर्ने गराउने ।
छ) फोहर मैला व्यवस्थापन सम्बन्धि चल अचल सम्पतिको संरक्षण गर्ने गराउने ।
ज) फोहर मैला व्यवस्थापन सम्बन्धि बैठकको निर्णयहरु र सो सम्बन्धी भए गरेका काम कारवाही तथा प्रगती मासिक रुपमा कार्यालय प्रमुख समक्ष पेश गर्ने ।
झ) फोहर मैला व्यवस्थापन सम्बन्धि अन्य काम कार्यालय प्रमुखको निर्देशनमा सम्पादन गर्ने ।

११. **सदस्यको काम, कर्तव्य र अधिकारः** सदस्यको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।
क) बैठकमा उपस्थित भई छलफलमा सक्रियतापूर्वक भाग लिने ।
ख) अध्यक्षको काममा सहयोग पुर्याउने ।
ग) तोकिएको जिम्मेवारीलाई पूरा गर्ने ।
घ) बैठकमा निर्णयमा पुग्न मतदान गर्नुपर्ने भए मतदान गर्ने ।
ङ) फोहरमैला व्यवस्थापनका कार्यक्रमहरू कार्यान्वयन गर्न सहयोग पुर्याउने ।

च) व्यवस्थापन समितिले तोकेका अन्य कार्यहरू गर्ने ।

## परिच्छेद ४
## फोहरमैला व्यवस्थापन विधि

१२. **फोहरमैला व्यवस्थापन विधिः**

क) गाउँपालिकाले देहाय अनुसारको विधिहरु मध्ये कुनै एक वा मिश्रित विधिवाट फोहरमैला व्यवस्थापन गर्नेछ ।

ख) गाउँ कार्यपालिकाको कार्यालय आफैंले

ग) टोल विकास संस्था परिचालन गरेर

घ) सार्वजनिक नीजि साझेदारीवाट

ङ) खरिद विधिवाट ।

१३. **देहाय अनुसारका कामहरु गाउँ कार्यपालिकाको कार्यालय आफैंले गर्न सक्नेछः**

क) जनचेतना, क्षमता विकास कार्यक्रम, गोष्ठी, सेमिनार, अन्तरक्रिया, अभिमुखीकरण

ख) सामाजिक परिचालन, उत्प्रेरक तथा सवयंसेवक परिचालन

ग) समन्वय, प्रचार, प्रसार

घ) अनुगमन, मुल्याकन ।

१४. **फोहरमैला व्यवस्थापनमा टोल विकास संस्था परिचालनः** फोहरमैला व्यवस्थापनमा टोल विकास संस्थालाई पूर्ण वा आंशिक रुपमा परिचालन गर्न वा पूर्ण वा आंशिक रुपमा जिम्मेवारी दिन सकिनेछ ।

१५. सार्वजनिक, नीजि वा सामुदायिक क्षेत्रवाट साझेदारीमा फोहरमैला व्यवस्थापन गर्न सकिनेछ ।

१६. सार्वजनिक खरिद विधिवाट पनि फोहरमैला व्यवस्थापन गर्न सकिनेछ ।

## परिच्छेद ५
## फोहरमैला व्यवस्थापनमा निजी तथा सामुदायिक क्षेत्रको संलग्नता

१७. **अनुमति सम्बन्धी व्यवस्थाः**

क) फोहरमैला व्यवस्थापन सम्बन्धमा गाउँपालिकावाट अनुमति सम्बन्धी व्यवस्था गरिनेछ ।

ख) गाउँपालिकाको अनुमति नलिई कसैले पनि सो क्षेत्रको फोहरमैला व्यवस्थापन सम्बन्धी काम गर्न वा गराउन पाउने छैन ।

ग) फोहरमैला व्यवस्थापन गर्न चाहने स्वदेशी वा विदेशी कम्पनी, संस्था वा निकायले देहायको विवरण खुलाई अनुमतिको लागि सम्बन्धित नगरपालिकामा निवेदन दिनु पर्नेछः

(१) फोहरमैला व्यवस्थापन सम्बन्धी योजना,

(२) फोहरमैला व्यवस्थापन सम्बन्धी आवश्यक जनशक्ति तथा प्रविधिको विवरण,

(३) तोकिए बमोजिमको अन्य विवरण ।

घ) यसरी पर्न आएको निवेदन उपर सम्बन्धित स्थानीय निकायले आवश्यक जाँचबुझ गरी अनुमतिपत्र दिन सक्नेछ ।

ङ) फोहरमैलाको व्यवस्थापन, पुनः चक्रीय प्रयोग, प्रशोधन र विर्सजनमा आवश्यक पर्ने प्रविधि स्वदेशमा उपलब्ध हुन नसक्ने देखिएमा त्यस्तो प्रविधि उपलब्ध गराउन सक्ने कुनै विदेशी कम्पनी, संस्था वा निकायलाई सम्झौतामा उल्लिखित अवधिभित्र त्यस्तो प्रविधि हस्तान्तरण गर्ने शर्तमा नेपाल सरकारको स्वीकृति लिई गाउँपालिकाले अनुमतिपत्र दिन सक्नेछ ।

च) अनुमतिपत्र सम्बन्धी अन्य व्यवस्था कानूनमा तोकिए बमोजिम हुनेछ ।

१८. **निजी क्षेत्रबाट फोहरमैला व्यवस्थापनको काम गराउन सकिनेः** कार्यालयले आवश्यकता अनुसार अनुमतिप्राप्त निजी क्षेत्रका कम्पनी वा सामुदायिक क्षेत्रबाट प्रतिस्पर्धा गराई वा पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी कानून बमोजिमको कुनै प्रक्रियाको अवलम्बन गरी आफ्नो क्षेत्रको फोहरमैला व्यवस्थापन गराउन सक्नेछ ।फोहरमैला व्यवस्थापन गर्दा निजी क्षेत्रका कम्पनीको हकमा देहायका सबै वा कुनै र सामुदायिक एवं गैरसरकारी संघ, संस्थाको हकमा देहायका कुनै काम गराउन सकिनेछ ।

क) फोहरमैला न्यूनीकर णका लागि जनचेतना अभिवृद्धि,

ख) फोहरमैला सङ्कलन,

ग) फोहरमैला ढुवानी,

घ) फोहरमैलाको प्रयोग, पुनः प्रयोग, पुनः चक्रीय प्रयोग वा प्रशोधन,

ङ) फोहरमैला विसर्जन, र

च) विसर्जज पश्चात् व्यवस्थापन ।

१९. **प्रतिस्पर्धा गराई फोहरमैला व्यवस्थापनको जिम्मा दिनेः** (१) कार्यालयले निजी क्षेत्र वा सामुदायिक संस्थाबाट फोहरमैला व्यवस्थापन गराउँदा बोलपत्र आह्वान गरी प्रतिस्पर्धा गराई व्यवस्थापकको छनौट गरी व्यवस्थापन गर्ने जिम्मा दिनुपर्नेछ । यसरी फोहरमैला व्यवस्थापकको छनौट गर्दा देहायका आधारमा गर्नु पर्नेछः

क) गाउँपालिकालाई बुझाउन कबुल गरेको रकम,

ख) फोहरमैलाबाट ऊर्जा शक्ति उत्पादन गर्ने वा प्राङ्गारिक मल उत्पादन गर्ने क्षमता, पूँजी, प्रविधि र जनशक्तिको क्षमता,

ग) आर्थिक तथा प्राविधिक क्षमता,

घ) फोहरमैला व्यवस्थापनमा अपनाउन प्रस्ताव गरिएको प्रविधिको दिगोपना तथा वातावरणीय प्रभाव न्यूनीकरण,

ङ) व्यवस्थापन करार गर्ने भए प्रस्ताव गरिएको व्यवस्थापन शुल्क,

च) फोहरमैलाको प्रयोग, प्रशोधन वा पुनः प्रयोग गर्ने सम्बन्धमा भए गाउँपालिकालाई बुझाउन मञ्जुर गरिएको रोयल्टी ।

(२) बोलपत्र सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

(३) फोहरमैला व्यवस्थापनको जिम्मा पाएको कम्पनी, संस्था वा निकायले गाउँपालिकासंग गरेको सम्झौताको अधीनमा रही शुल्क उठाउन सक्नेछ ।

(४) प्रतिस्पर्धावाट सम्झौता अनुसार काम नगरेमा वा कार्य सम्पादन सन्तोषजनक नभएमा सम्झौता भंग गरी असुल उपर गर्नु पर्ने रकम असुल उपर गरी बांकी अवधिको लागी प्रतिस्पर्धामा क्रमशः ,दोस्रो,तेस्रो स्थानमा रहेको पक्ष संग सम्झोता गरीनेछ ।

२०. **फोहरमैला व्यवस्थापन स्थल निर्माण तथा सञ्चालन गर्न स्वीकृति दिन सकिनेः** (१) फोहरमैला व्यवस्थापन स्थल निर्माण तथा सञ्चालन गर्न स्विकृति दिने सम्बन्धमा देहाय अनुसारको व्यवस्था गरिनेछः

क) निजी क्षेत्रबाट फोहरमैला व्यवस्थापनका लागि फोहरमैला व्यवस्थापन स्थलल, प्रशोधन स्थल वा अन्य संयन्त्र निर्माण गरी सञ्चालन गर्न स्वीकृति माग गरेमा वातावरण तथा अन्य प्रचलित कानूनको अधीनमा रही त्यस्तो संयन्त्र निर्माण तथा सञ्चालनका लागि गाउँपालिकाले स्विकृति दिन सक्नेछ ।

ख) यसरी निजी क्षेत्रबाट फोहरमैला व्यवस्थापन संयन्त्रको निर्माण तथा सञ्चालन गर्दा तोकिएको वातावरणीय मापदण्डको पालना भए वा नभएको अनुगमन गाउँपालिकाले गर्नेछ ।

ग) अनुगमन गर्दा स्वीकृत मापदण्डको पालना गरेको नपाइएमा त्यस्तो मापदण्ड पालनाको लागि आवश्यक व्यवस्था गर्न समयावधि तोकिदिन सक्नेछ र सो समयावधिमा पनि मापदण्डको पालनाको लागि आवश्यक व्यवस्था नगरेमा त्यस्तो व्यक्ति वा कम्पनीको स्वीकृति गाउँलिकाले रद्ध गर्न सक्नेछ

२१. **सार्वजनिक निजी साझेदारीमा फोहरमैला व्यवस्थापन गर्न सकिनेः** (१) गाउँपालिकाले प्रचलित कानूनको अधीनमा रही निजी क्षेत्र, सामुदायिक एवं गैर सरकारी संघ, संस्थासँगको साझेदारीमा फोहरमैला व्यवस्थापन कार्य गर्न सक्नेछ ।

(२) गाउँपालिकाले सामुदायिक एवं गैरसरकारी संघ, संस्थासँगको साझेदारीमा फोहरमैला न्यूनीकरणको लागि जनचेतना अभिवृद्धि, फोहरमैला सङ्कलन, ढुवानी, फोहरमैला व्यवस्थापन स्थलको बन्द पश्चात् व्यवस्थापन, उद्यान निर्माण र सौन्दर्यीकरण जस्ता कार्य मात्र गर्न वा गराउन सक्ने छ ।

## परिच्छेद ६
## फोहरमैला व्यवस्थापनको विधि,जिम्मेवारी तथा भूमिका

२२. **फोहर मैला घटाउने विधिः** (१) देहाय अनुसारको विधिवाट फोहर घटाउन प्रोत्साहित गरिनेछ ।

क) श्रोतमै (जहा फोहर उत्पादन हुन्छ) कुहिने, नकुहिने र पुनः प्रयोग गर्न सकिने गरी तिन भागमा छुट्टाउने सबै कु'हिने जति फोहरलाइ घरमै खाडल खनेर कम्पोष्ट मल बनाउने, पुनः प्रयोग गर्न सकिने फोहर पुनः प्रयोग गर्ने वा त्यस्तो सामान उत्पादन गर्ने उद्योगमा कच्चा पदार्थको रुपमा पठाउने ।

ख) सकभर भाडाहरु प्लाष्टीकका भन्दा धातुबाट बनेका प्रयोग गर्ने ।

ग) प्लाष्टीकका झोलालाइ निषेध गरी जुटका वा कपडाका झोलाको प्रयोग गर्ने ।

घ) पुनप्रयोग गर्न सकिने सामानहरुलाइ पुन प्रयोग गर्ने ।

ङ) बिद्युतिय सामानहरु मर्मत गर्ने वा Recycle गर्नेलाइ दिने ।

२३. **फोहर व्यवस्थापनको जिम्मेवारी कसको हो ?**

क) मुख्य रुपमा जसले फोहर गर्छ त्यसैको हो ।

ख) अनि निजी क्षेत्र, स्थानिय संघ सस्था (जस्तै आमा समुह, टोल विकास सस्था, क्लब,) हो ।

ग) त्यसपछि गाउँपालिकाको हो ।

घ) सबै राजनीतिक दलको हो ।

ङ) शिक्षण संघ सस्था, स्वास्थ्य सस्था, सरकारी कार्यालय एबं गैर सरकारी सस्थाहरु तथा सुरक्षा निकायहरु, सञ्चार जगत सबैको हो ।

२४. **फोहर व्यवस्थानमा विभिन्न निकायहरुको भुमिकाः**

**क) प्रत्येक घर परिवारको भुमिका**

(१) फोहरलाइ घरमै कुहिने, पुन प्रयोग हुने र Land fill site मा पठाउन पर्ने गरी ३ भागमा छुट्टाउने,
(२) कुहिने फोहरबाट घरमै मल बनाउने
(३) पुन प्रयोग हुने फोहरहरु (Rcycle and Reuse) घरमै राखि सम्बन्धित संकलनकर्तालाइ दिने
(४) Land fill site मा पठाउने फोहर बाटोमा नफ्याकी फोहर संकलन गर्न आउने सवारी साधनमा सिधै राखिदिने,
(५) आफ्नो घर आगंन अगाडिको सडक सधै सफा राख्ने,
(६) कमसेकम प्रत्येक घरको अगाडी २ वटा एउटै साइजको गमलामा एउटा टोलले एउटै जातको फुल रोप्ने

**ख) देवघाट गाउँपालिकाको भुमिका**

(१) फोहरमैला व्यवस्थापन सम्बन्धि कार्यलाइ प्राथमिकता दिइ बजेट बिनियोजन गर्ने
(२) कार्यबिधि बनाइ सरसफाइ शुल्क लगाउन, फोहर संकलन गर्ने लगायतका काम व्यवस्थित गर्ने
(३) निजी क्षेत्र विभिन्न संघ सस्था एवं क्लबहरुलाइ परिचालन गर्ने
(४) ल्याण्ड फिल साइटको लागि उपयुक्त जग्गा छनौट गर्ने,
(५) जनचेतनामुलक कार्यहरु गरी फोहरको उत्पादन घटाउने, हानीकारक फोहर प्रवेशमा रोक लगाउने आदी

**ग) उद्योग बाणिज्य संघको भुमिका**

(१) Recycle / Reuse हुने सामानहरु संकलन गरी पुन प्रयोगमा ल्याउने,
(२) आफुले आयात गरेका सामाग्रीले फोहर बढाएको देखिएमा बिशेष सरसफाइको लागि कार्यक्रम गर्ने,
(३) आ आफ्ना पसल अगाडि आफ्ना ग्राहकले फोहर राख्न उपयुक्त भाडो राखिदिने,
(४) सरसफाइ शुल्क निर्धारण र संकलन गर्न नगरपालिकालाइ सहयोग गर्ने
(५) बजारलाइ सुन्दर र सफा बनाउन विभिन्न किसिमको प्रायोजन (Sponsorship) गर्ने
(६) सरसफाइको अभियानमा निजी क्षेत्रलाइ परिचालन गर्ने
(७) हानीकारक र फोहर बढाउने खालका सामाग्री आयात सकभर नगर्ने

**घ) आमा समुह, टोल विकास सस्था, क्लवहरुको भुमिका**

(१) फोहर जथाभावी रुपले फाल्नेलाइ सामाजिक दण्ड दिने,
(२) सरसफाइ सम्बन्धि कार्यलाइ सफल बनाउन सहयोग गर्ने,
(३) घरघरमा फोहर छुट्टाउने काममा तालिम दिने,
(४) अनुगमन गर्ने,
(५) जनचेतना जगाउने,

**ङ) शिक्षण सस्थाहरुको भुमिका**

(१) सबै कक्षाहरुमा सरसफाइ र वातावरण सम्बन्धि चेतना बढाउने खालका अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्ने,
(२) विद्यालय परिसर नमुनाको रुपमा सफा राख्ने
(३) फोहर छुट्टाउने तरिका फोहरको वर्गिकरणवारे बालबालिकालाइ ज्ञान दिने
(४) फोहर र त्यसले स्वास्थ्यमा पार्ने असरबारे सचेत गराउने,
(५) सफा एवं रमणिय स्थल र फोहर स्थलको अवलोकन गराउने
(६) हप्तामा एक कक्षा सरसफाइ र वातावरण सम्बन्धि चेतना बढाउने खालको विषय राख्ने ।

**च) गैर सरकारी संघ सस्थाहरुको भुमिका**

(१) गाउँपालिकाले प्राथमिकता दिएका कार्यक्रम सञ्चालन गर्न श्रोतको परिचालन गर्ने,

(२) जनचेतना जगाउने खालका कार्यक्रम सञ्चालन गरी फोहरमैला व्यवस्थापनमा सहयोग गर्ने

(३) फोहरमैलाबाट कम्पोष्ट मल बनाउने, प्लाष्टीकबाट विभिन्न सामाग्रीहरु उत्पादन गर्ने र बजारिकरण गर्ने कार्यमा आमा समुह जस्ता सस्थाहरुलाइ सहयोग गर्ने,

(४) स्वच्छ वातावरण, प्राकृतिक श्रोतको व्यवस्थित उपयोग र सरसफाइ सम्बन्धि कार्यलाइ प्रोत्साहन हुने खालका सूचना सम्प्रेषण गर्ने

**छ) सञ्चार जगतको भुमिका**

(१) राम्रा राम्रा अनुभवहरुलाइ प्रचार प्रसार गर्ने

(२) जनचेतना जगाउन सहयोग पुराउने

(३) नियमित रुपमा वातावरण संरक्षण फोहर व्यवस्थापन जस्ता विषयमा जानाकारी मुलक प्रस्तुतिहरु प्रकाशन मार्फत जानकारी गर्ने,

## परिच्छेद–७
## आर्थिक व्यवस्थापन

२५. **कोषको स्थापनाः**

क) फोहरमैला व्यवस्थापन सम्बन्धी काम गाउँपालिकामा रहेको वातावरण तथा विपद ब्यवस्थापन विशेष कोषबाट कार्य संचालन गरिने छ ।

ख) फोहरमैला व्यवस्थापनको कार्यका लागि भनी हरेक गाउँपरिषदबाट आवश्यक रकम वातावरणी व्यवस्थापन विशेष कोषमा विनियोजन गरिने छ ।

ग) कोषमा गाउँपालिकाले फोहरमैला व्यवस्थापन कार्यका लागि गाउँपरिषदबाट विनियोजन गरेको रकम बाहेक सरसफाई शुल्क वापत गाउँपालिकावासीबाट प्राप्त रकम, नेपाल सरकारबाट प्राप्त हुने रकम, साझेदार संस्थाहरुबाट सो कार्यका लागि राखिने रकम तथा अन्य रुपमा कोषमा प्राप्त हुने रकम रहनेछ ।

घ) गाउँपालिका क्षेत्रमा उत्पादन हुने फोहरमैलाको व्यवस्थापन र जनचेतना अभिवृद्धि गर्ने कार्यक्रमका लागि उक्त रकम खर्च गरिनेछ ।

ङ) वातावरण व्यवस्थापन विशेष कोषको रकम कुनै बैंकमा एउटा छुट्टै खाता खोली जम्मा गरिने छ ।

च) वातावरण व्यवस्थापन विशेष कोषका खाता सञ्चालन गाउँपालिकाका कार्यकारी अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

छ) कोषको लेखापरीक्षण गाउँपालिकाको लेखा परीक्षण गर्ने व्यवस्था अनुसार हुनेछ ।

ज) कोषको आर्थिक व्यवस्था यस निर्देशिकामा तोकिएको कुरामा यसै निर्देशिका बमोजिम र अन्य कुराको हकमा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ लगायत प्रचलित कानूनबमोजिम हुनेछ ।

२६. **अन्य क्षेत्रमा खर्च गर्न नमिल्नेः** कोषमा फोहरमैला व्यवस्थापनका लागि विनियोजन भएको रकम सोही प्रयोजन बाहेक अन्य कार्यमा खर्च गर्न पाइने छैन ।

२७. **बैठक भत्ताः** व्यवस्थापन समितिको बैठकमा भाग लिने पदाधिकारी तथा सदस्यहरूले नगरपालिकाका सदस्यले पाए सरहको बैठक भत्ता पाउनेछन् ।

२८. **गाउँ योजनामा समावेश गर्नेः** फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यक्रमहरु गाउँपालिकाको आवधिक तथा वार्षिक योजनाहरू गाउँ विकास योजनामा समावेश गर्नुपर्नेछ ।

२९. **जाँचपास तथा फरफारकः** कोषबाट सञ्चालन गरिएका फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यहरूको जाँचपास फरफारक व्यवस्थापन समितिको बैठकबाट गरिने छ ।

## परिच्छेद–८
## फोहरमैला व्यवस्थापन

३०. **फोहरमैलाको उत्पादन कम गर्नेः** (१) कुनै व्यक्ति, संस्था वा निकायले कुनै काम कारोबार गर्दा उत्पन्न हुने फोहोरमैला यथाशक्य कम गर्नु पर्नेछ ।

(२) आफ्नो क्षेत्रभित्र विसर्जन हुन सक्ने फोहरमैलाको विसर्जन वा पुनः प्रयोगको व्यवस्था मिलाई बाँकी फोहरमैलामात्र निष्काशन गरी फोहरमैलाको परिमाणलाई घटाउनु प्रत्येक व्यक्ति, संस्था वा निकायको कर्तव्य हुनेछ ।

स्पष्टीकरणः “आफ्नो क्षेत्र” भन्नाले निजी घर कम्पाउण्ड, औद्योगिक क्षेत्रको परिसर, अस्पताल वा स्वास्थ्य संस्थाको परिसर, औद्योगिक प्रतिष्ठानको परिसर लगायत फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको परिसरलाई सम्झनु पर्छ ।

३१. **फोहरमैलाको संकलन सम्बन्धी सुचना सावर्वजनिक गर्नुपर्नेः** (क) गाउँपालिकाले फोहरमैला निष्काशनको समय, स्थान र तरिका निर्धारण गर्दा फोहरमैला ढुवानी, प्रशोधन र अन्तिम विसर्जनका लागि सजिलो हुने गरी निर्धारण गर्नु पर्नेछ ।

(ख) गाउँपालिकाले प्रशोधन स्थलमा लैजानु पर्ने फोहरमैलाका लागि छुट्टै समय, स्थान र तरिका समेत निर्धारण गर्न सक्नेछ ।

(ग) गाउँपालिकाले फोहरमैला संकलन तथा सोको व्यवस्थापनका लागि समय, स्थान र तरिका निर्धारण गर्दा जनस्वास्थ्य तथा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभाव र त्यसको न्यूनीकरणका उपायहरू समेतलाई ध्यान दिनु पर्नेछ ।

३२. **फोहरमैला उत्पादन तथा निष्काशनसम्बन्धीः**

क) प्रत्येक घर, पसल, व्यवासायिक प्रतिष्ठान, सार्वजनिक प्रतिष्ठान, शिक्षालय, कार्यालय, धार्मिक स्थल, सार्वजनिक स्थल तथा परिसर आदिबाट उत्पादन हुने निस्कने फोहरलाई निष्काशनपूर्व जैविक (Organic) र अजैविक (Inorganic) गरी छुट्टयाउने र अलग भाँडोमा राख्न लगाउने व्यवस्थालाई अनिवार्य गरी कार्यान्वयन गर्नेछ । यसरी गाउँपालिकाले तोकिदिए बमोजिम फोहरमैलालाई स्रोतमै छुट्याई सङ्कलन केन्द्रसम्म पुर्याउने दायित्व त्यस्तो फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको हुनेछ र यसको लागि गाउँपालिकाले आवश्यक प्रविधि, मालसामान, उपकरण, कण्टेनर आदि उपलब्ध गराउन सक्नेछ ।

ख) यसरी अलग अलग राखिएका फोहरहरुलाई नारायणीले तोकेको दिन, समय र स्थानमा मात्र निष्काशन गर्नुपर्नेछ । दिन, समय र स्थान तोकेको सूचना देवघाट गाउँपालिकाले नियमितरूपमा संचार माध्यमहरुमार्फत जानकारी गराउनेछ । साथै सम्बन्धित वडा कार्यालयबाट पनि यससम्बन्धी जानकारी प्राप्त गर्न सकिनेछ ।

ग) घरेलु फोहर उत्पादनमा कमील्याउन वडा कार्यालयको संयोजनमा स्थानीय टोल विकास संस्था, वडा नागरिक मञ्च तथा सबै सरोकारवालाको सहभागितामा जनस्तरमा नागरिक सचेतना कार्यक्रम संचालन गरिनेछ ।

घ) देवघाट गाउँपालिका क्षेत्रभित्र संचलनमा रहेका प्रत्येक घर, संस्था, व्यापारिक एवं व्यवसायिक प्रतिष्ठान तथा पसलबाट निस्कने फोहर सडकमा फाल्न वा निष्काशन गर्न प्रतिबन्ध लगाइएको छ । त्यस्तो फोहरको व्यवस्थापनका लागि फोहर निष्कासन कर्ताले छुट्टै फोहर राख्ने भाँडाको बन्दोबस्त गरी सोही भाँडोमा फोहर राख्ने र यसै निर्देशिकामा उल्लेख भए बमोजिम मात्र फोहर निष्काशन गर्नुपर्नेछ ।

ङ) फोहरमैलालाई हानिकारक, रसायनिक र विशेष फोहोरमा वर्गीकरण गरी त्यसलाई नमिसाई बिसर्जन गरिनेछ ।

च) हानिकारक फोहरमैला वा रासायनिक फोहोरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायले त्यस्तो फोहरमैला तोकिए बमोजिम व्यवस्थापन गर्नु पर्नेछ । यस्तो फोहोरमैला सङ्कलन केन्द्र वा स्थानान्तरण केन्द्रमा निष्काशन गर्न पाइने छैन ।

३३. **फोहरमैला निस्कासन, संकलन तथा विसर्जन सम्बन्धी व्यवस्थाः**

क) फोहर संकलन कार्यका लागि प्रयोग हुने सवारी साधनहरुले देवघाट गाउँपालिकाले तोकेका स्थानहरु वा तोकिएका संकलन केन्द्रमा तोकिएको समयमा मात्र फोहर निष्काशन गर्नुपर्नेछ ।

ख) देवघाट गाउँपालिकाले उल्लेखित समय सीमा भित्र कुनै निश्चित स्थानका लागि निश्चित समय तोकी फोहर संकलन गर्ने व्यवस्था मिलाउन सक्ने छ । यसरी निश्चित समय तोकिएकोमा सोही बमोजिम गर्नु गराउनुपर्नेछ

ग) ग) फोहोर संकलन गर्ने सवारी साधनद्वारा ढोका–ढोकामा फोहर संकलन गर्दा (सशुल्क सेवाग्राहीको हकमा) तोकिएको समय सीमाको २ मिनेटसम्म तोकिएको स्थानमा पर्खन सक्नेछ । फोहर संकलनका लागि रिक्सा वा सवारी साधन आउँदा साइरन वा घण्टी बजाइनेछ र साइरन वा घण्टी बजेको सुन्नासाथ गाडी वा रिक्सामा फोहर फाल्नुपर्नेछ । त्यस्तो रिक्सा वा सवारी साधन कुनै एक स्थानमा बढीमा २ मिनेटसम्म मात्र रोकिनेछ ।

घ) घ) अस्पताल, उद्योग वा अन्यत्र कतैबाट पनि उत्पादन हुन हा निकारक फोहरलाई अन्य फोहर संकलन केन्द्र वा फोहर संकलनमा प्रयोग हुने सवारी साधन वा रिक्सामा फाल्न पाइनेछैन । त्यस्ता फोहोरमैलाको व्यवस्थापन सम्बन्धित निकाय आफैंले गर्नुपर्नेछ ।

ङ) घर, पसल, व्यावसायिक प्रतिष्ठान, शिक्षालय, कार्यालय परिसर आदिबाट निस्कने जैविक फोहरलाई सकेसम्म आफैले कुनै विधि अवलम्बन गरी वा नजिकको सामुदायिक कम्पोष्टिङ्ग केन्द्र (Community composting Center) मा लगी कम्पोष्टिङ्ग गर्नु पर्दछ र अजैविक फोहर मध्ये पुनः प्रयोग हुने वा चक्रीय प्रयोग हुने फोहरलाई छुट्टयाई नजिकको Community Recycle Center (CRC) वा त्यस्ता फोहर खरिद गर्ने केन्द्रमा लगी बेच्ने र बाँकी रहन गएको फोहरमात्र निष्काशन गर्ने गर्नुपर्दछ ।

च) कसैले पनि सवारी साधन वा रिक्सा वा संकलन केन्द्रमा फोहर निष्काशन गर्दा वातावरणमैत्री ढंगबाट छरपष्ट नहुने गरी सुरक्षित ढंगले राख्नुपर्दछ ।

छ) एक पटक फोहर संकलन गरी सफा गरिएको फोहर संकलन केन्द्रमा पुनः फोहर फाल्न पाइने छैन

ज) गाउँपालिकाले समितिको निर्णयानुसार आवश्यकता र औचित्यको आधारमा फोहोर संकलन गर्ने समय र स्थान परिवर्तन गर्न सक्नेछ ।

झ) विशेष समारोह विवाह, ब्रतवन्ध धार्मिक तथा सांस्कृतिक कार्यक्रम, राजनैतिक दल वा संघसंस्थाद्वारा गरिने कार्यहरुबाट उत्पादित फोहोर सो आयोजक व्यक्ति वा संघ संस्थाले आफ्नै खर्चमा नगरपालिका वा नगरपालिकाको साझेदार संस्थासँग समन्वय गरी व्यवस्थापन गर्नुपर्नेछ ।

ञ) फोहरमैला संकलनको कार्य गरेवापत गाउँपालिकाले सेवाग्राहीसंग गाउँपरिषदबाट तोकिएको दरमा सेवा शुल्क लिन सक्ने छ ।

३४. **निजी कम्पनी/गैरसरकारी संघ संस्था/सामुदायिक संस्थाले पालना गर्नुपर्ने कर्तव्य र दायित्वः**

क) माथि उल्लिखित निर्देशनको पूर्ण पालना गर्नु गराउनु देवघाट गाउँपालिका क्षेत्रको घर, पसल, व्यवासायिक प्रतिष्ठान, सार्वजनिक प्रतिष्ठान, शिक्षालय, कार्यालय, धार्मिक स्थल, सार्वजनिक स्थल तथा परिसर आदिको कर्तव्य हुनेछ ।

ख) फोहर व्यवस्थापनसम्बन्धी कामका सम्बन्धमा सबै निजी कम्पनी, गैरसरकारी संघ संस्था तथा सामुदायिक संस्थाको जवाफदेहिता देवघाट गाउँपालिकाप्रति रहनेछ ।

ग) देवघाट गाउँपालिकाले तोकेको फोहर संकलन तथा निष्काशन सम्बन्धी समय पालना र अन्य निर्देशनहरुको पालना सम्बन्धित सबैले गर्नुपर्नेछ ।

घ) गाउँपालिकालाई शुल्क तिरी कुनै सेवा लिने निजी कम्पनी वा सामुदायिक वा गैर सरकारी संघ–संस्थाले समयमै नियमानुसार तिर्नु बुझाउनु पर्नेछ । यो प्रवाधान विपरीत कसैले समयमा शुल्क तिर्ने बुझाउने काम नगरेमा त्यस्तो संस्था वा व्यक्तिलाई दिइएको सेवा तत्काल बन्द गरी निजसँग लिन बाँकी रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

ङ) रिक्सा वा गाडीबाट फोहर संकलन गर्ने निजी फर्म, कम्पनी, गैरसरकारी/सामुदायिक संघसंस्था आदिले देवघाट गाउँपालिकाको स्विकृति विना सोझै गाउँपालिकाले तोकेको संकलन केन्द्रमा फोहर फाल्न पाउने छैनन ।

च) कसैले पनि तोकेको साधन र समयमा बाहेक अघि पछि फोहर निष्काशन गरेमा, फालेमा, छरपस्ट बनाएमा, नउठाएमा, छर्दै लगेमा, फोहर बोक्ने सवारी साधनलाई नढाकी खुला रुपमा गुडाएमा, फोहर व्यवस्थापन गर्ने कर्मचारी वा संस्था वा व्यक्ति वा नागरिकलाई कुनै प्रतिकुल अवरोध गरेमा तत्काल कारबाही गरिनेछ ।

छ) निजी क्षेत्रबाट हुने फोहर व्यवस्थापन कार्यको नियमित अनुगमन तथा मुल्यांकन गरिनेछ ।

ज) गाउँपालिकाले फोहोर व्यवस्थापनका लागि आवश्यकता अनुसार विभिन्न क्षेत्र निर्धारण गरी छुट्टाछुट्टै फोहोर सकलन केन्द्र तोक्न सक्नेछ ।

झ) फोहोरमैला व्यवस्थापनको क्षेत्रमा गा.पा. को पूर्व स्वीकृति, सम्झौता तथा अनुमति बेगर अन्य कुनै पनि व्यक्ति वा संस्थाले कार्य गर्न गराउन पाउनेछैन ।

३५. **कसुरः** यस निर्देशिका विपरित जथाभावि फोहोर फाल्ने, मिसाउने तथा फोहोर संकलन कार्यमा अवरोध पुर्याउने गरेमा यस निर्देशिकाको प्रयोजनका लागि कसुर गरेको मानिनेछ ।

३६. **दण्ड सजाय सम्बन्धीः** (१) फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३८ तथा यस निर्देशिकामा उल्लेख गरे बमोजिमको कसुर गरेमा त्यस्तो कसुर गर्ने व्यक्ति वा संस्थालाई गाउँपालिकाले देहाय बमोजिम दण्ड सजाय गर्नेछ ।

क) गाउँपालिकाले तोकिदिएको समय र स्थान बाहेक अन्यत्र फोहरमैला निष्कासन गर्नेलाई पहिलो पटक भए रु.५,०००/- सम्मको जरिवाना, दोश्रो चोटी गर्नेलाई रु.५,०००/- देखि रु.१०,०००/- सम्मको जरिवाना र सो भन्दा बढी गरेमा पटकै पिच्छे रु.१५,०००/- जरिवाना ।

ख) कन्टेनर वा फोहरमैला संकलन केन्द्रमा राखिएको फोहरमैला अनाधिकृत तवरले प्रयोग गर्नेलाई पटकैपिछे रु.५००/- देखि रु.५,०००/- सम्मको जरिवाना गर्न सक्नेछ ।

ग) श्रोतमै फोहरमैलाको पृथकिकरण नगरी ऐनको दफा ६ को विपरित फोहरमैला मिसाएर निष्कासन गर्नेलाई प्रत्येक पटक रु.५००/- सम्म जरिवाना ।

घ) सडक पेटी नालामाथी व्यवसाय (रेष्टुरेन्ट, माछा, मासु, सब्जी पसल, चटपटे, घुपचुप, वर्कसप आदी) सन्चालन गर्नेलाई पटकैपिछे रु.१०००/- देखि रु.५,०००/- सम्मको जरिवाना एवं निश्चित समय भित्र सो नहटाएमा उक्त सामाग्रीहरू जफत गर्न सक्ने ।

ङ) ठोस फोहर तथा शौचालयजन्य फोहर (दिशा, पिसाव, भान्साघरको फोहर आदी) सडक नाला, ढलमा मिसाउने कार्य गर्नेलाई पटकैपिछे रु.१०००/- देखि रु.५,०००/- सम्मको जरिवाना एवं निश्चित समय भित्र सो बन्द गर्न आदेश दिन सक्ने ।

च) हानिकारक फोहर फाल्ने राख्ने भनी तोकिएको स्थान बाहेक फोहरमैला संकलन केन्द्र, कन्टेनर वा फोहरमैला थुपार्ने ठाउँमा कुनै पनि किसिमको हानिकारक पदार्थ फाल्ने, राख्ने वा थुपार्नेलाई पटकैपिछे रु.५,०००/- देखि रु.१५,०००/- सम्मको जरिवाना र त्यस्तो कसुरबाट कुनै क्षति भई सकेको रहेछ भने सो बरावरको क्षतिपुर्ति समेत भराउन सक्ने ।

छ) मरेका वा मारेका पशु पंक्षी र सोको लादी, प्वाँख, हड्डी तथा माछाको कत्ला आदि फोहरलाई तोकेको स्थानबाहेकमा राखेमा पटकैपिछे रु.५,०००/- देखि रु.१५,०००/- सम्मको जरिवाना ।

ज) घर, कम्पाउण्ड तथा परिसरको फोहरमैला सडक वा अन्य सार्वजनिक स्थानमा राख्ने, फाल्ने गरेमा, फोहरबाट निस्केको दुषित पानी वा ढल चुहाई अन्य व्यक्तिको घर जग्गा प्रदुषित गराउनेलाई पटकैपिछे रु.५,०००/- देखि रु.१५,०००/- सम्मको जरिवाना ।

झ) सडक, पेटी, नाला इत्यादीमा निर्माणजन्य सामाग्री थुपारी बाटो, पेटी अवरुद्ध गरेमा पटकैपिछे रु.५०००। देखि रु.१००००। सम्म जरिवान गरी चौविस घण्टा भित्र सो सामाग्री हटाउने आदेश दिनसक्ने ।

ञ) फोहरमैला संकलन केन्द्रमा राखिएको कन्टेनर तोडफोड गर्ने, क्षती पुर्याउने, राखिएको स्थानबाट हटाउने वा संकलन केन्द्रमा कुनै नोक्सानी पुर्याउनेलाई पटकैपिछे रु.१५,०००/- देखि रु.५०,०००/- सम्मको जरिवाना ।

ट) यस ऐन बमोजिम अनुमती नलिई सरसफाईको कार्य गर्नेलाई पटकैपिच्छे. रु.१५,०००/- देखि रु.५०,०००/- सम्मको जरिवाना ।

ठ) यस ऐन बमोजिम सरसफाईको लागि प्रदान गरिएको अनुमति(पत्रमा उल्लिखित सर्तहरु उल्लंघन गर्नेलाई रु.१५,०००/- देखि रु.५०,०००/- सम्मको जरिवाना ।

ड) नगरपालिकाले तोकिएको ठाउँ बाहेक जन स्वास्थ्यमा प्रतिकुल असर पर्ने गरी सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको हानीकारक फोहरमैला राख्ने, फाल्ने, थुपार्ने वा निष्कासन गर्नेलाई रु.३०,०००/- देखि रु.५०,०००/- सम्म जरिवाना ।

ढ) रसायनिक फोहरमैला, औद्योगिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला जथाभावी फाल्ने, राख्ने वा निष्कासन गर्ने वा गराउनेलाई रु.५०,०००/- देखि रु.१,००,०००/- सम्मको जरिवाना । सोही कसुर पुनः गरेमा पहिलो पटक गरेको जरिवानाको दोब्बर जरिवाना गरी प्रचलित कानुन बमोजिम अनुमती रद्द गर्नको लागि सम्बन्धित निकायमा लेखि पठाउन सक्ने ।

ण) ऐनको दफा ४४ विपरित रसायनिक विषादिको अनधिकृत रुपमा आयात गर्ने वा म्याद नाघेको औषधी नष्ट गर्ने जिम्मेवारी पुरा नगर्नेलाई रु.५०,०००/- देखि रु.१,००,०००/- सम्मको जरिवाना ।

त) सोही कसुर पुनः गरेमा पहिलो पटक गरेको जरिवानाको दोब्बर जरिवाना गरी प्रचलित कानुन बमोजिम अनुमती रद्ध गर्नको लागि सम्बन्धित निकायमा लेखि पठाउन सक्ने ।

(२) फोहरमैला व्यवस्थापन ऐन, २०६८ बमोजिम प्रमुख जिल्ला अधिकारीले निम्न बमोजिम कसुरमा निम्न बमोजिम सजायँ गर्न सक्नेछ ।

क) फोहरमैला संकलन ढुवानी तथा सरसफाईमा बाधा अवरोध श्रृजना गर्नेलाई रु.१०,०००/- देखि
ख) रु.५०,०००/- सम्मको जरिवाना वा १५ दिन देखि ३ महिनासम्म कैद वा दुवै सजायँ गर्न सक्ने ।
ग) फोहरमैला संकलन, ढुवानी तथा अन्तिम निष्कासन स्थलमा अवरोध, बन्द, घेराउ गर्ने वा सरसफाई सम्बन्धि कार्यमा हडताल गर्नेलाई रु.१०,०००/- देखि रु.५०,०००/- सम्मको जरिवाना वा १५ दिने देखि ३ महिनासम्म कैद वा दुवै सजायँ गर्न सक्ने ।
घ) फोहरमैला अत्याधिक उत्पादन हुने बस्तु भनी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी प्रतिबन्ध लगाएको कुनै बस्तुको उत्पादन तथा विक्री वितरण गर्नेलाई रु.५,०००/- देखि रु.१०,०००/- सम्मको जरिवाना वा ३ महिनासम्म कैद वा दुवै सजायँ गर्न सक्ने ।

(३) स्थानीय स्वायत्त शासन ऐनको दफा १६५ (१) ग तथा च बमोजिम नगरपालिकाले देहाय बमोजिम कसुरमा देहाय बमोजिम दण्ड सजाय गर्न सक्नेछ ।

क) गाउँपालिका क्षेत्रभित्र निर्दिष्ट स्थानमा फोहोर मैला नफाली जताततै फालेमा त्यस्तो फोहर मैला हटाउन लाग्ने खर्च समेत सम्बन्धित व्यक्तिबाट असुल गरी पन्ध्रहजार रुपैयासम्म जरिबाना गर्न सक्नेछ ।
ख) कसैले आफ्नो घर, छिमेकीको घर, आंगन, चोकमा फोहर मैला फालेमा वा वातावरण दुर्गन्धित हुने कार्य गरेमा नगरपालिकाले पन्ध्रहजार रुपैयासम्म जरिबाना गरी त्यस्तो हानी नोक्सानीको बिगो सम्बन्धित व्यक्तिसित असुल उपर गर्न वा साविका अवस्थामा तयार गर्न लगाउन सक्नेछ ।

## परिच्छेद ९
## विविध

३७. **चिकित्सा क्षेत्रको फोहमैला व्यवस्थापनः** गाउँपालिकाबाट तोकिएको अधिकृत वा अनुगमनकर्ता वा समितीले चिकित्सा क्षेत्रसँग सम्बिन्धित संस्थाले IEE र EIA को वातावरणीय प्रकृया पुरा गरेको नगरेको सम्बन्धमा जाँचबुझ र निरीक्षण गर्नेछ ।

३८. **विशेष कार्यदल गठन गर्न सक्नेः** नगरपालिकाले फोहरमैला व्यवस्थापन अनुगमनको कार्य एवं यस सम्बन्धमा भएका आदेश बमोजिम दण्ड सजाय कार्यान्वयन गर्न विशेष कार्यदल गठन गर्न सक्ने छ ।

३९. **ग्राहक कार्ड लागू गर्नेः**

क) गाउँपालिका क्षेत्रका व्यवसायीहरुले व्यवसाय नविकरण गर्न आउँदा नविकरण गराउनु पूर्व एवं नयाँ पसल व्यवसाय दर्ता गर्दाकै समयमा र घर नक्सा पास गर्दाकै समयमा र सम्पत्ती कर तिदा्को समयमा गाउँपालिका वा फोहर उठाउने जिम्मेवारी पाएको व्यक्ति, फर्म वा संस्थाबाट ग्राहक कार्ड अनिवार्य रुपमा लिएको हुनु पर्नेछ र नियमित शुल्क बुझाउको हुनु पर्दछ ।
ख) यस्तो ग्राहक कार्ड लिएको नलिएकाखानेपानी सरसफाइ तथा स्वच्छता इकाइबाट जाँचबुझ गरी त्यस्तो ग्राहक कार्ड लिएको प्रमाणित गरिदिए पश्चात मात्र व्यवसाय नविकरण गरिनेछ ।

४०. **कारबाही गरिनेः** माथि विभिन्न खण्डमा उल्लेखित कसुर गर्ने व्यक्तिलाई तोकिएको दण्ड सजाय, जरिवाना र कैद भुक्तान नगर्ने व्यक्ति, संस्थालाई देहाय बमोजिम कारवाही गर्न गराउन सकिनेछ ।

क) दण्ड जरिवाना र सजाय तोक्नु अघि सामान्य कसुरमा पहिलो पटक चेतावनी वा सचेत गराउन सकिने ।

ख) ख) नारायणी नगरपालिकाले उपलब्ध गराउने कुनै सेवा सुविधाको अतिरिक्त विद्‌युत तथा टेलिफोन सेवा रोक्का गरिदिन तथा निजको नामको घर जग्गा बिक्री रोक्का गर्नको लागि नगरपालिकाले सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ । तर यसरी लेखी पठाउनु अघि सम्बन्धित व्यक्तिलाई सो सम्बन्धमा लिखित रुपमा जानकारी दिनु पर्नेछ । यसरी लेखी आएमा त्यस्तो सेवा सुविधा रोक्नु सम्बन्धित निकायको कर्तव्य हुनेछ । रोक्ने वा बन्द गर्न सकिने ।

ग) सेवा प्रदायक निजी कम्पनी, फर्म, गैरसरकारी/सामुदायिक संस्था भएमा सेवा बन्देज गर्ने, त्यस्ता संस्थालाई कालो सुचीमा राख्ने ।

४१. **सम्पर्क शाखाः** देवघाट गागँपालिकाको फोहरमैला व्यवस्थापनको कार्यको सम्पर्क शाखाको रुपमा खानेपानी, सरसफाई तथा वातावरण ईकाईले कार्य गर्नेछ ।

४२. **निर्णय गर्न सक्नेः** व्यवस्थापन समितिको सिफारिसका आधारमा गाउँपालिकाले प्रचलित कानूनको अधीनमा रही फोहोरमैला व्यवस्थापनको कार्य गाउँपालिका आफैले गर्ने वा निजी क्षेत्रलाई जिम्मा दिने वा पूर्ण रुपमा समुदायको जिम्मा दिने वा संयुक्त कोष स्थापना गरी संचालन र व्यवस्थापन गर्ने वा आंशिक रुपमा कुनै कार्य मात्र कुनै निकायलाई जिम्मा दिने जस्ता व्यवस्थापनका जुनसुकै उपायहरु अवलम्बन गर्ने निर्णय गरी कार्यान्वयन गर्न सक्नेछ ।

४३. **निर्देशिकाको संशोधनः** यस निर्देशिकालाई संशोधन गर्न आवश्यक देखिएमा कार्यपालिकाको बैठकबाट संशोधन गर्र्न सकिनेछ ।

४४. **बचाउ र खारेजीः**

क) यस यस अघि फोहरमैला व्यवस्थापन सम्वन्धी भए गरेका कामहरु यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

ख) यो निर्देशिकाका प्रचतिल कानूनको व्यवस्थासँग बाझिन गएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

आज्ञाले

**रमेश सुवेदी**

**प्रमुख प्रशासकीय अधिकृत**